# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालबाट सत्यवती लघुवित्त वित्तीय संस्था लिमिटेडको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले २०७५ साउन १९ गते कपिलवस्तु जिल्लाको बुद्धभुमि नगरपालिका, गोरुसिंगेमा केन्द्रीय कार्यालय रहेको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था सत्यवती लघुवित्त वित्तीय संस्था लिमिटेडको समुद्घाटन गर्नुभयो ।



उक्त उद्घाटन समारोहमा सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले नेपाली जनतालाई वित्तीय पहुँच पुर्‍याई आर्थिक रूपले पछि परेका जनताको आर्थिक क्रियाकलाप बढाउने, रोजगारी वृद्धिमार्फत आय आर्जन बढाउने र उनीहरूको समग्र जीवनस्तरमा सुधार ल्याउन लघुवित्त वित्तीय संस्थाहरूको महत्वपूर्ण भूमिका रहन जाने बताउनु भयो ।

ग्रामीण क्षेत्रमा वित्तीय सेवा उपलव्ध गराउने संस्थाको उपस्थितिले वित्तीय साधनको प्रभावकारी परिचालन हुन गई ग्रामीण क्षेत्रमा समेत उत्पादन र रोजगारीका अवसरहरू वृद्धि भई आयात प्रतिस्थापन एवम् परनिर्भरतामा कमी आउने भएकोले बैदेशिक रोजगारीतर्फ उन्मुख हाम्रा युवा शक्तिलाई देशभित्रै काम गर्न प्रोत्साहित गर्नु पर्ने धारणा गभर्नर डा. नेपालले राख्नु भयो ।



हाल बैंक तथा वित्तीय संस्थाहरुले उपलव्ध गराउने सेवाहरू ग्रामीण क्षेत्रसम्म पुगेको अवस्था रहेकोले यस्ता सेवाहरू लिन सर्वसाधारण पनि अग्रसर भएर आउनु पर्ने धारणा राख्नु भयो । कृषि व्यवसायको लागि लिने कर्जामा सरकारले दिने अनुदानको समेत उपयोग गर्दै राज्यले दिएका सुविधाहरुबाट फाइदा लिने गरी व्यावसायिक क्रियाकलाप संचालन गर्दा अझ बढी फाइदा पुग्ने सुझाव समेत सम्बोधनको क्रममा गभर्नर डा. नेपालले व्यक्त गर्नु भयो ।

२०७५ साउन १९ गते शनिबार

गभर्नरको कार्यालय